"हल्दीबारीको [illegible] र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

## करारमा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८०।०६।१९)

हल्दीबारी आधारभूत अस्पताल व्यवस्थापन समिति र कार्यपालिकाको निर्णय अनुसार हल्दीबारी आधारभूत अस्पताल र यस गाउँपालिका समेतको लागि आवश्यक देहायको पदहरु करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा तोकिएको दरखास्त बापतको शुल्क तिरी सोको सक्कलै नगदी रसिद सहित लोकसेवा अयोगले निर्धारण गरेको दरखास्त फारम भरि नेपाली नागरिकताको प्रतिलिपि सहित सक्कल वमोजिम नक्कल ठिक छ भनि लेखेको शैक्षिक योग्यताका आवश्यक कागजातहरु सहित यस कार्यालयको प्रशासन शाखामा दरखास्त फारम बुझाउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद | सेवा, तह | माग संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०८०।०८१ | मेडिकल अधिकृत | स्वास्थ्य, आठौं तह | १ (एक) |
| २ | ०३/२०८०।०८१ | हेल्थ असिस्टेण्ट | स्वास्थ्य, पाँचौं तह | २ (दुई) |
| ३ | ०४/२०८०।०८१ | फार्मेसी सहायक | स्वास्थ्य, पाँचौं तह | १ (एक) |
| ४ | ०५/ २०८०।०८१ | प्रशासन सहायक | प्रशासन, पाँचौं तह | १ (एक) |
| ५ | ०६/२०८०।०८१ | सर्वेक्षक | इन्जिनियरिङ्ग , पाँचौं तह | १ (एक) |
| ६ | ०७/२०८०।०८१ | सहायक कम्प्युटर अपरेटर | विविध, चौथो तह | १ (एक) |
| ७ | ०८/२०८०।०८१ | सहयोगी | प्रशासन, विहिन | १ (एक) |
| ८ | ०९/२०८०।०८१ | सरसफाईकर्मी | प्रशासन, विहिन | १ (एक) |

**१. न्युनतम शैक्षिक योग्यताः**

क. <u>मेडिकल अधिकृतको हकमाः</u> नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरहको योग्यता प्राप्त गरी NMC मा नामदर्ता र नविकरण भएको ।

ख. <u>हेल्थ असिस्टेण्टको हकमाः</u> नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेण्ट (H.A.) कोर्ष उर्तिण गरी NHPC मा नाम दर्ता र नविकरण भएको ।

२०८०।०६।१९

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

"हल्दीबारीको दृष्टि कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

ग. <u>फार्मेसी सहायकको हकमाः</u> नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी सहायक कोर्ष उर्तिण गरी NHPC मा नाम दर्ता र नविकरण भएको ।

घ. <u>प्रशासन सहायकको हकमाः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण तह वा सो सरह उर्तिण ।

ङ. <u>सर्भेक्षकको हकमाः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय एस. एल. सी. वा सो सरह उर्तिण गरी सर्भे वा जियोम्याट्रिक्स विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उर्तिण वा विज्ञान (भूगोल विषय) लिई प्रमाणपत्र उर्तिण गरी कम्तिमा १ (एक) वर्षको जुनियर नापी तालिम प्राप्त ।

च. <u>सहायक कम्प्युटर अपरेटरको हकमाः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरह उर्तिण गरी कम्प्युटर सम्बन्धि कम्तिमा ३ महिनाको आधारभूत तालिम लिएको ।

छ. <u>सहयोगीको हकमाः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १० कक्षा उर्तिण ।

ज. <u>सरसफाईकर्मीको हकमाः</u> सामान्य लेखपढ गर्न सक्ने । महिलालाई विशेष ग्राहयता दिईनेछ ।

२. **उमेरः** मेडिकल अधिकृतका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र अन्य पदको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, साथै महिलाको हकमा ४० वर्ष ननाघेको ।

३. **दरखास्त फारम बुझाउने स्थानः** हल्दीबारी गाउँ कार्यपालिकाको कार्यालय ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८० कार्तिक ३ गते कार्यालय समय भित्र ।

५. **दरखास्त दस्तुरः** मेडिकल अधिकृतका लागि रु. १०००।- (एक हजार) र हेल्थ असिस्टेण्ट, फार्मेसी सहायक, सर्भेक्षक पदको हकमा प्रशासन सहायक र सहायक कम्प्युटर अपरेटर पदको हकमा रु ५००।- (पाँच सय) साथै सहायक र सरसफाईकर्मी पदको हकमा रु ४००।- (चार सय) मात्र ।

६. **छनौटको किसिमः** मेडिकल अधिकृत, हेल्थ असिस्टेण्ट, फार्मेसी सहायक, सर्भेक्षक पदको हकमा लिखित तथा अन्तर्वार्ता । त्यस्तै प्रशासन सहायक र सहायक कम्प्युटर अपरेटर पदको हकमा लिखित, मौखिक तथा प्रयोगात्मक एवं सहयोगी र सरसफाइकर्मी पदको हकमा अन्तर्वार्ताद्धारा छनौट गरिनेछ ।

७. **माथि उल्लेखित पदहरुको हकमा भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी बर्खास्त नभएको कम्प्युटर र काममा अनुभवीलाई विशेष ग्रहयता दिईनेछ ।**

८. **परिक्षा मिति :** पछि सूचना द्वारा जानकारी गराईनेछ ।

२०८०/०६/१९

मान ब. वन (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

"हल्दीबारीको दृष्टि, कृषि, पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जलथल, झापा

कोशी प्रदेश, नेपाल

९. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलि पल्ट। सो दिन सम्पर्क हुन नसके लगतै कार्यालय खुलेको दिन प्रशासन शाखामा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।

१०. करारमा लिने नलिने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यसरी करारमा लिईने कर्मचारीहरुको परिक्षाको हकमा यस पालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७५ बमोजिम हुने तथा लोक सेवा आयोगले निर्धारण गरेको ऐन नियम बमोजिम गरिनेछ । अन्य कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ ।

.................................

मान ब. बन (महेन्द्र)

प्रमुख प्रशासकीय अधिकृत